# "खेलकुद विकासमा साझेदारी कार्यान्वयन कार्यविधि-२०७८"

Province Sports Development Council

युवा तथा खेलकुद मन्त्रालय

## प्रदेश खेलकुद विकास परिषद

बागमती प्रदेश, हेटौंडा ।

## प्रस्तावनाः

प्रदेश खेलकुद विकास ऐन-२०७५ तथा प्रदेश खेलकुद विकास नियमवली-२०७६ को नियम २० वमोजिम यस कार्यविधिको निर्माण गरिएको हो। परिषदको स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत खर्च शीर्षक नं २२५२२ क्रियाकलाप न. २.७.१४.३० मा खेलकुद विकासमा साझेदारी कार्यक्रम रहेकोले उक्त कार्यक्रम कार्यन्वयन गर्न यो कार्यबिधि तयार पारिएको हो। परिषदबाट विभिन्न संघ सस्था, एकेडेमी प्रतिष्ठान, क्लव जस्ता गैर - नाफामुलक सङ्घ सस्था साथै खेलकुदको विकास र विस्तारमा खेलकुद गतिविधि गर्दै आएका प्राईभेट संघ संस्थालाई खेलकुद गतिविधिका साथै राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतियोगिता सञ्चालनको लागि साझेदारी गरी खेल क्षेत्र विकासमा कार्य गर्ने सङ्घ सस्थालाई गुणस्तरीय खेलाडी उत्पादन गर्न प्रेरित गर्नु यस कार्यविधिको उद्देश्य रहेको छ, साथै परिषदबाट साझेदारीमा गरिने खर्चको न्यायोचित कार्यान्वयन गराउनु यस कार्यविधिको मुल उद्देश्य रहेको छ।

परिच्छेद --- १

प्रारम्भः

१. **संक्षिप्त नाम र प्रारम्भः** यो कार्यविधिको नाम " खेलकुद विकासमा साझेदारी कार्यान्वयन कार्यविधि- २०७८" रहेको छ । यो कार्यविधि मन्त्रालयवाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क. मन्त्रालय भन्नाले युवा तथा खेलकुद मन्त्रालय, बागमती प्रदेशलाई सम्झनुपर्छ ।

ख. परिषद् भन्नाले प्रदेश खेलकुद विकास परिषद्, बागमती प्रदेशलाई सम्झनुपर्छ ।

ग. संङ्घ सस्था भन्नाले सरकारी निकायमा दर्ता/नविकरण भएका सस्थालाई सम्झनुपर्छ ।

घ. सदस्य सचिव भन्नाले परिषद्को सदस्य सचिवलाई सम्झनुपर्छ ।

ङ. प्रतियोगिता भन्नाले खेलकुदमा हुने सबै खालका प्रतिस्पर्धा तथा तालिमलाई प्रतियोगिता सम्झनुपर्छ ।

## ३. उद्देश्यः

क. जनस्तरमा खेल सस्कृतिको विकास गर्ने ।

ख. प्रदेश तहका खेलाडीहरुलाई खेलकुद प्रतियोगितामा सहभागि गराई प्रोत्साहन गर्ने ।

ग. खेलकुदको विकासमा योगदान पुर्याउने संस्थाहरुलाई सहयोग गर्ने ।

घ. प्रदेशका बढी भन्दा बढी खेलाडिहरुलाई राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतियोगितामा सहभागी गराइ खेलाडीहरुको क्षमता अभिवृदी गर्दै प्रतिभावन खेलाडी उत्पादन गर्ने ।

ङ. राष्ट्रिय तथा अन्तराष्ट्रिय तालिम प्रतियोगिता तथा सेमिनारहरु आयोजना गर्ने ।

## परिच्छेद — २

अयोजना तथा व्यवस्थापन

### ४. प्रतियोगिताको अयोजना तथा व्यवस्थापनः

विभिन्न सरकारी तथा निजि संघ सस्थाबाट खेलकुद तथा खेलाडी उत्पादन गर्ने विभिन्न खेलकुद प्रतियोगिताहरु व्यवस्थित सञ्चालन गरि खेल क्षेत्रलाई गुणस्तरिय खेलाडी उत्पादन गर्ने हवको रुपमा विकास गरिने छ ।

#### आयोजक समितिको काम कर्तव्य अधिकार

क. प्रतियोगिता सञ्चालनको लागि स्थान, समय र ढाँचा निर्धारण गर्ने

ख. खेल पुर्वाधारको लागि अन्य निकायहरुसँग समन्वय गरि खेल स्थल सकभर निःशुल्क प्रयोगको व्यवस्था मिलाउने ।

ग. प्रतियोगिता सञ्चालनको लागि प्राविधिक समिति गठन गर्ने साथै प्राविधिक समितिको सिफारिसमा निर्णायक छनौट गर्ने

घ. परिषदबाट उपलब्ध अनुदान रकम स्वीकृत गरि खर्च गर्ने साथै विभिन्न प्रायोजकहरुसंग सहकार्य गरि थप आर्थिक स्रोत व्यवस्थापन गर्ने । ।

ङ. प्रतियोगित सञ्चालन गर्न आवश्यक स्वयम-सेवकको कोटा निर्धारण गरि परिचालन गर्ने ।

च. प्रतियोगिताका विजयी खेलाडीको लागि मेडल ट्रफी प्रमाणपत्र लगायतका विषयमा निर्णय गर्ने ।

छ. प्रतियोगिता सञ्चालनमा आउने भैपरी कार्य गर्ने गराउने ।

ज. प्रतियोगिता सञ्चालनको कममा आउन सक्ने सम्भावित खेल विवाद समाधान गर्न तथा खेलाडी छनोट गर्न एक प्राविधिक समिति रहने छ ।

झ. आयोजक समितिले आवश्यकता अनुसार प्रतियोगिता सञ्चालनको लागि विभिन्न समिति तथा उपसमिति गठन गर्न सक्ने छ ।

ञ. प्रतियोगित सञ्चालनलाई थप व्यवस्थित तथा मर्यादित र भय रहित वनाउने उद्देश्यले आयोजक समितिले कार्यक्षेत्रगत शर्त तथा कार्यक्षेत्र तोकि विभिन्न उपसमिति गठन गर्न सक्नेछ ।

## परिच्छेद — ३

### साझेदारी निर्धारणको मापदण्ड

परिषदले विभिन्न संघ संस्थाबाट प्राप्त स्वीकृत प्रस्तावको आधारमा बढीमा ८०% प्रतिशत सम्म खेलकुदमा साझेदारी कार्यक्रम गर्न सक्ने छ । साथै बाँकी रकम स्वयम संस्थाको दायित्व भित्र पर्ने छ ।

- प्रतियोगिता सञ्चालनमा हुने सम्पुर्ण खर्चहरु आयोजक समितिको संयोजकको स्वीकृति लिई गर्नुपर्ने ।
- साझेदारी कार्यक्रमका लागि स्वीकृत रकम प्रतियोगिता अगावै परिषदका कर्मचारीले पेश्की लिन खर्च गर्न सक्ने छन् ।
- परिषदबाट साझेदारीमा उपलब्ध गराउने साझेदारी रकम देहाय बमोजिमका प्राथमिकतामा शीर्षकमा खर्च गर्नुपर्ने ।

१. नगद पुरस्कार
२. शिल्ड मेडल प्रमाणपत्र तथा मायाको चिनो
३. खेलाडी प्रशिक्षक व्यवस्थापक निर्णायको दैनिक भत्ता
४. खेलाडी, प्रशिक्षक, व्यवस्थापक, निर्णायकको आतेजाते यातायात भाडा तथा होटल बसोबास
५. तुल, ब्यानर, होडिङ बोर्ड, छपाई
६. खेल सामग्री तथा पोशाक
७. अन्य विविध खर्च

## परिच्छेद — ४

### खर्चको मापदण्ड

१. प्रतियोगितामा सहभागी खेलाडी, प्रशिक्षक, व्यवस्थापक तथा निर्णायकलाई प्राविधिक समितिबाट प्राप्त म्याच रिपोर्टको आधारमा प्रतिदिन बढीमा २००० मा पन्ध्र प्रतिशत पारिश्रमिक कर कट्टी गरि भत्ता उपलब्ध गराउने ।
२. प्रतियोगितामा निर्णायक भई काम गर्ने अन्तराष्ट्रिय निर्णायकलाई रेफ्री गरेको दिन मात्र अन्तर्राष्ट्रिय निर्णायकलाई ६०० तथा राष्ट्रिय निर्णायकलाई ५०० मा नबढ्ने गरि पन्ध्र प्रतिशत कर कट्टा गरि थप भत्ता उपलब्ध गराउन सकिने छ । यस प्रयोजनको लागि निर्णायकको परिचय खुल्ने परिचय पत्र अनिवार्य गरिएको छ ।
३. प्रतियोगिता सञ्चालन गर्न स्वयम-सेवक आवश्यक पर्ने भए प्राविधिक समितिबाट कोटा निर्धारण गरि प्रतियोगिता समाप्त भएको भोलिपल्ट स्वत रद्द हुने गरि काममा खटाउन सकिने यस प्रयोजनको लागि स्वयम-सेवकलाई प्रतिदिन ६०० मा नबढ्ने गरि नगदै वा हाजिरीको आधारमा खाना खाजा गरि ६०० मा नबढ्ने गरि खाना खाजा विल संलग्न गर्न सकिने छ । नगद वितरण गर्दा रु ६०० मा अनिवार्य पन्ध्र प्रतिशत कर कट्टी गर्नुपर्ने।

४. निर्णायकलाई प्रतिव्यक्ति रु १००० नबढ्ने गरि जर्सी भत्ता थप उपलव्ध गराउन सकिने, तर जर्सी जिन्सि दिदाँ वाहेक नगद भर्पाईमा पन्ध्र प्रतिशत कर कट्टी गराउने ।

५. प्रतियोगिताको विजयी टिमलाई पुरस्कार तथा अन्य सुविधा आयोजकले तयार गरेको स्वीकृत प्रस्ताव वमोजिम हुने ।

६. साझेदार संस्थाले अन्य थप सुविधा दिनुपर्ने भएमा आफ्नो श्रोत वा अन्य प्रायोजकबाट प्राप्त रकमबाट थप गरि दिन सक्नेछ ।

## परिच्छेद—५

## खेलकुद सामग्री खरिद तथा व्यवस्थापन सम्वन्धमा

१. खेल सामग्री खरिद गर्दा सार्वजनिक खरिद ऐन तथा नियमावलीका साथै अन्य प्रचलित कानुन बमोजिम गर्नुपर्ने छ ।

२. खरिद गरिएका खेल सामग्रीहरुको आम्दानी खाता जनाइ अनिवार्य स्टोर दाखिला गर्नुपर्ने छ । साथै खर्च भएर जाने सामग्रीको हकमा प्राविधिक समितिवाट अनिवार्य प्रतिवेदन पेश गर्नुपर्नेछ । हस्तान्तरण गर्दा माग फारम सामेल गर्नुपर्नेछ ।

३. खरिद भएको खेल सामग्रीहरु आम्दानी तथा खर्च खाता तयार गरि हिसाव भिडाउने साथै मौज्दात खेलसामग्रीको विवरण परिषदमा पेश गर्ने ।

## परिच्छेद-५

## साझेदारी रकमको लेखा तथा लेखा परिक्षण

परिषदबाट उपलव्ध साझेदारी रकम प्रचलित कानुन वमोजिम लेखा राखी आन्तरिक लेखा परीक्षण चालु आ. व. समासिको तीस दिनभित्र तथा अन्तिम लेखा परिक्षण गराइ चालु आ. व. समासीको नव्वे दिनभित्र अन्तिम लेखा परिक्षण प्रतिवेदन परिषदमा पेश गर्नुपर्ने छ ।

## परिच्छेद-६

## प्रचलित कानुन वमोजिम हुने

यस कार्यविधिमा उल्लेखित विषय यस कार्यविधि वमोजिम हुने अन्य कुराको हकमा नेपाल सरकार तथा प्रदेश सरकारबाट स्वीकृत प्रचलित कानुन वमोजिम हुने छ ।

## परिच्छेद-७

## अनुगमन तथा मुल्याङ्कन

अनुदान रकमको उद्देश्य अनुरुप काम भए नभएको परिषदद्वारा नियमित तथा आकस्मिक अनुगमन हुन सक्ने छ । अनुगमनका क्रममा साझेदारी रकमको दुरुपयोग हिनामिना भएको पाईएमा प्रचलित कानुन वमोजिम अशुल उपर गरि जिम्मेवार कर्मचारी /पदाधिकारीलाई कानुनी कारवाहीको दायरामा ल्याईने छ ।